जिल्ला समन्वय समितिको कार्यालय

सिन्धुपाल्चोक, चौतारा

प.सं. ०८३/८४
च.नं. 989

नेपाल सम्वतः ११४६

मितिः २०८३/०७/१६

श्री जिल्ला हुलाक कार्यालय, सिन्धुपाल्चोक ।

विषयः- स्वतः प्रकाशन (Self Declaration) को विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सुचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व. २०८३/८४ (प्रथम त्रैमासिक) साउन, भदौ र असोज महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको स्वतः प्रकाशन गर्नुपर्ने सुचनाको विवरण यसै पत्रसाथ संलग्न गरि पेश गरिएको व्यहोरा सादर अनुरोध छ ।

२०८३.०७.१६

अनिल कुमार श्रेष्ठ
सूचना अधिकारी

बोधार्थः-

श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ।


फोन नं. ०११—६२०१०२/Email : ddcsindhupalchowk@gmail.com

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

जिल्ला समन्वय समितिको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश



सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको (चौथो त्रैमासिक) वैशाख, जेठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०८३ कार्तिक

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

स्वतःप्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सुचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरेपनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रूपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकद्वारा आ.व. ०८३/०८४ को (प्रथम त्रैमासिक) साउन, भदौ र असोज महिनामा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण यस प्रकाशनमा प्रस्तुत गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय,
सिन्धुपाल्चोक
चौतारा।

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

विषयसूची

१. जि.स.स. को स्वरूप र प्रकृति

२. जि.स.स. को काम, कर्तव्य र अधिकार

३. जि.स.स. मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स. बाट प्रदान गरिने सेवा

५. जि.स.स. को शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गरिने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. जि.स.स. को वेबसाइट

१५. जि..स.स. ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१६. जि.स.स. ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन

१७. जि.स.स. ले वर्गीकरन तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि

१८. जि.स.स. मा परेको सूचना मग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

१९. जि.स.स. का सुचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

२०. थप जानकारीका लागि सम्पर्क

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व.०८३/८४ को (प्रथम त्रैमासिक) साउन, भदौ र असोज

१. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २२० (१) मा भएको व्यवस्था बमोजिम जिल्लास्थित संघीय र प्रदेश कार्यालय साथै गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, जिल्लाभित्र विकास तथा निर्माणसम्बन्धी कार्य सन्तुलनका लागि अनुगमन गर्ने कार्यका लागि जिल्ला सभाको गठन भएको हो। प्रत्येक जिल्ला सभाले जिल्ला समन्वय समितिका पदाधिकारी निर्वाचित गर्छ। जिल्ला भित्रका पालिका अध्यक्ष र प्रमुख र उपाध्यक्ष र उप प्रमुख जिल्लासभा सदस्य हुन्छन्। ती सदस्यले गाउँ सभा वा नगर सभा सदस्य मध्येबाट एक प्रमुख, एक उपप्रमुख, कम्तीमा तीन महिला र कम्तीमा एक दलित वा अल्पसंख्यक समुदायको व्यक्तिसहित बढीमा नौ सदस्यीय जिल्ला समन्वय समिति निर्वाचित गर्दछन् । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने गर्दछ। सिन्धुपाल्चोक जिल्ला समन्वय समितिमा प्रमुख, उप-प्रमुख र सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहेका छन् । सिन्धुपाल्चोक जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ। संघीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती सेवाका स्थायी तथा सेवा करारतर्फका कर्मचारीहरु कार्यारत रहेका छन्। नेपालको संविधान २०७२ का साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२, बागमती प्रदेश सरकारद्वारा जारी गाँउ, नगर, जिल्ला सभा सञ्चालन कार्यविधी ऐन, २०७५ को दफा ५४ र जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

२. जि.स.स. को काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २२० को उपधारा ७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ देखि ९६ सम्मले जिल्ला सभा तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकारका व्यवस्था गरेको छ। त्यस्तैगरी, बागमती प्रदेश सरकारबाट जारी "गाँउ नगर जिल्ला सभा सञ्चालन कार्यबिधि ऐन, २०७५" र जिल्ला समन्वय समितिको अन्य काम कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ लगायतले जिल्ला समन्वय समितिको भूमिका, अधिकार, कार्यक्षेत्र तथा जिम्मेवारीलाई स्पष्ट गरेका छन्।

<u>नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७)अनुसारका कार्यहरु</u>

- ✓ जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- ✓ विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- ✓ जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- ✓ प्रदेश कानून बमोजिमका अन्य कामहरु गर्ने,
- ✓ जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने,

<u>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिमका कार्यहरु</u>

- ✓ जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- ✓ जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- ✓ जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- ✓ जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक चौतारा बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

- ✓ जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- ✓ जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,
- ✓ आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद–सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- ✓ नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

(क) बागमती प्रदेश सरकारद्वारा जारी कानून र नियमावली बमोजिमका कार्यहरु

बागमती प्रदेश सरकारद्वारा जारी गाँउ, नगर, जिल्ला सभा सञ्चालन कार्यविधी ऐन, २०७५ को दफा ५४ र बागमती प्रदेशले जारी गरेकोजिल्ला समन्वय समितिको अन्य काम कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ बमोजिमका कार्यहरु

- जिल्ला भित्रका संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहबीच समन्वय गर्ने,
- जिल्ला भित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धि कार्यको अनुगमन गर्ने,
- जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसंग समन्वय गर्ने गरी कार्यक्रम संचालन गर्ने,
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धि योजना र राहत वितरण लगायत कार्यमा समन्वय र सहजीकरण गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक चौतारा बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजि क्षेत्रसंग समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन कामय गर्नको लागिस प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,
- जिल्ला भित्र रास्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी सरकारी संघसंस्थाबाट संचालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमापठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,
- जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गर्न समन्वय गर्ने,
- जिल्लाको समग्र विकासका लागि सरोकारवालासंग छलफल र समन्वय गर्ने,
- जिल्लाभित्र संचालित संघिय तथा प्रदेशस्तारिया आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा संघिय तथा प्रदेश सरकारसँग समन्वय,सहजीकरण र सहयोग गर्ने,
- जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन गर्ने,
- जिल्लाभित्रका स्थानीय तहले तर्जुमा गरेका कानुनको अभिलेखीकरण गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समिक्षा आयोजना गर्ने,
- नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले वालमैत्री, वातावरणमैत्री, सरसफाई , खोप , साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धि क्रियाकालप संचालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन संघिय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने,
- स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन/परिक्षण गरी सो को प्रतिवेदन संघीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने,
- उत्कृस्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- नदिजन्य पदार्थ उत्खननको क्रममा तोकिएको मापदण्ड विपरित उत्खनन एवं विक्री गरेंको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने


जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

३. जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

क. संगठन संरचना



जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

ख. जिल्लासमन्वय समिति सिन्धुपाल्चोकका पदाधिकारी / कर्मचारीहरुको विवरण

सि.नं.	नामथर	पद
१.	बालकृष्ण श्रेष्ठ	प्रमुख
२.	पदमनाथ नेपाल	उपप्रमुख
३.	बलराम केसी.	सदस्य(प्रवक्ता)
४.	जित बहादुर कार्की	सदस्य
५.	अम्बिका बस्नेत	सदस्य
६.	सोममाया श्रेष्ठ	सदस्य
७.	तारा नेपाली	सदस्य
८.	ढकमाया सेतो कोइराला	सदस्य
९.	बिक्रम तामाङ	सदस्य

सि.नं.	कर्मचारीको नाम	पद र श्रेणी	कैफियत
१.	सीता परियार	जि.स.अ. रा.प.द्वितिय	स्थायी
२.	-	इन्जिनियर/रा.प.तृतीय	स्थायी
३.	अनिल कुमार श्रेष्ठ	शाखा अधिकृत/रा.प.तृतीय	स्थायी
४.	विजय साह रौनियार	लेखापाल/रा.प.अनं. प्रथम	स्थायी
५.	वामदेव शर्मा	ना.सु./रा.प.अनं. प्रथम	स्थायी
६.	प्रेम दंगाल (निजि सचिवालय)	ना.सु./रा.प.अनं. प्रथम	करार
७.	राजेश कुमार यादव	सव इन्जिनियर रा.प.अनं.प्रथम	स्थायी
८.	-	खरिदार रा.प.अनं. द्वितिय	रिक्त
९.	बुद्ध बहादुर घले	हलुका सवारी चालक	करार

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

१०.	केशव तामाङ	हलुका सवारी चालक	करार
११.	दिपक पुरी	कार्यालय सहयोगी	करार
१२.	छेवाङ तामाङ	कार्यालय सहयोगी	करार

४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाहरु

- ✓ समन्वय, सहजिकरण तथा अनुगमन सम्वन्धी कार्य,
- ✓ संघीय तथा प्रदेश सरकारबाट स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन,
- ✓ जि.स.स.को मौज्दात कोषबाट सञ्चालन हुने योजनाको रकम सम्वन्धित पालिकालाई निकासा दिने,
- ✓ ढुंगाबालुवा ,गिट्टी , उत्खनन् बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड ,अनुसार अनुगमन सम्बन्धी कार्य,
- ✓ प्रचलित कानून बमोजिम सिफारिस सम्बन्धि कार्य,
- ✓ दैनिक प्रशासनिक कार्यहरु,
- ✓ विभिन्न व्याक्ति तथा निकायहरुबाट माग हुने सूचना तथा जानकारी उपलब्ध गराउने,
- ✓ नेपालको संविधान,संघीय तथा प्रदेश कानून बमोजिम जि.स.स.ले सम्पादन गर्ने भनि तोकिएका अन्य कार्यहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

सि.नं.	शाखाको नाम	जिम्मेवार अधिकारी	कैफियत
१.	जि.स.अ.राजेन्द्र बहादुर अर्याल		कार्यालय प्रमुख
२.	व्यवस्थापन शाखा	शा.अ. अनिल कुमार श्रेष्ठ ना.सु वामदेव शर्मा ले.पा. विजय साह रौनियार ह.स.चा.बुद्ध बहादुर घले ह.स.चा.केशव तामाङ का.स. दिपक पुरी का.स. छेवाङ तामाङ	
३.	अनुगमन तथा मुल्याङ्कन शाखा	स.ई राजेश कुमार यादव	

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

अधिकृत

जिल्ला समन्वय अधिकारी

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

✓ जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निःशुल्क रुपमा प्रदान हुने ।

७. निर्णय गर्ने प्रकृया र अधिकार

✓ शाखासँग सम्वन्धित नियमित कामहरुको निर्णय सम्वन्धित शाखा प्रमुखबाट हुने ।

✓ शाखा प्रमुखबाट हुन नसक्ने निर्णय र कार्यालय प्रमुखबाट निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुबाट निर्णय हुने ।

✓ नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

✓ कार्यालयको दैनिक कामकाज तथा सेवा प्रवाहको सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी जिल्ला समन्वय अधिकारीले ।

९. २०८३ साउन १ देखि २०८३ असोज मसान्तसम्मको सम्पादन गरिएका क्रियाकलापहरुको त्रैमासिक विवरण

(क) जिल्ला समन्वय समितिको वैठक ३ पटक बसेको ।

(ख) जिल्ला समन्वय समित सिन्धुपाल्चोकका प्रमुख बालकृष्ण श्रेष्ठज्यूको संयोजकत्वमा मिति २०८३ भाद्र ०३ र ०४ गते (दुई दिन) स्थानीय तहहरु तथा सरकारी कार्यालयहरु एवं विभिन्न संघ संस्थाको वार्षिक समिक्षा तथा असल अभ्यास कार्यक्रम सम्पन्न गरि वार्षिक समिक्षा प्रतिवेदन तथा जिल्ला समन्वय समितिको प्रगति प्रतिवेदन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा पठाईएको ।

(ग)जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुख बालकृष्ण श्रेष्ठज्यूको संयोजकत्वमा मिति २०८३ असोज ३ गते चौतारा सागाचोकगढी नगरपालिकाका प्रमुख, उप-प्रमुख, राजनीतिक दलका प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी लगायत विभिन्न संघ संस्था तथा विद्यालयहरुको सहभागितमा संविधान दिवस मनाइएको ।

(घ) मानव अधिकार सम्बन्धि छैटौं राष्ट्रिय कार्ययोजना (आ.व २०८३/८४-२०८७/८८) सम्बन्धमा यस जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्व, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव श्री पुष्कर सापकोटा र सहसचिव श्री रामजी दनाइको विशेष उपस्थिति, जिल्ला समन्वय समितिका पदाधिकारीहरु, जिल्ला स्थित नगरपालिका

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७२

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

प्रमुखहरु र गाउँपालिकाका अध्यक्ष, प्रमुख जिल्ला अधिकारी लगायत मानव अधिकार सम्बन्धि जिल्ला समितिका सदस्यहरुको उपस्थितिमा मानव अधिकार सम्बन्धि कार्ययोजना विषयवस्तुहरुमा मिति २०८३/०६/०८ गते छलफल तथा निर्णय गरिएको ।

(ङ) गाउँपालिका, नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ बमोजिम बलेफी गाउँपालिकाको सिमाना हेरफेर सम्बन्धमा मिति २०८३/०४/२९ गते अध्ययन समितिको बैठकले ऐं.ऐको अनुसुची-१ बमोजिमको प्रतिवेदन स्वीकृत गरि बलेफी गाउँपालिकालाई पठाउने निर्णय गरिएको ।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- ✓ **कार्यालय प्रमुखः** जिल्ला समन्वय अधिकारी सीता परियार
- ✓ **सूचना अधिकारीः** श्री अनिल कुमार श्रेष्ठ (सम्पर्क नं :९७६७२२८८९२)

११. ऐन,नियम,विनियम वा निर्देशिकाको सूची

- ✓ नेपालको संविधान,२०७२
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- ✓ गाउँ,नगर,जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन,२०७४ (बागमती प्रदेश)
- ✓ जिल्ला समन्वय समितिको अन्य काम,कर्तब्य र अधिकार सम्बन्धी नियमावली,२०७४ (बागमती प्रदेश)
- ✓ वातावरण संरक्षण ऐन, २०७६
- ✓ वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ✓ ढुंगा,गिटी,बालुवा उत्खनन,विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,(पहिलो संशोधन) २०७९ (नेपाल सरकार)
- ✓ नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ (बागमती प्रदेश)
- ✓ स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली,२०७७
- ✓ प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली,२०७८
- ✓ जिल्ला सभा सञ्चालन कार्यविधि,२०७५
- ✓ संघ,प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध ऐन,२०७७

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

अधिकृत

जिल्ला समन्वय अधिकारी

✓ गाउँपालिका तथा नगरपालिका र वडाको सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

सि.नं.	विवरण	प्राप्त तथा कोषमा मौज्दात रकम	हालसम्म खर्च भएको रकम
१.	जि.स.स. **कार्यालयहरु**(३६५००१०५३ संघीय अनुदान)	१,५१,१२,०००/-	३९,०५,५७५.८६/-
२.	विबिध खाता (जि.स.स. मौज्दात कोष, कर्मचारी कल्याण कोष)	१७,३७,९०,५२८.४०/-	०
३.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश अनुदा(३०१०००११३)	३०,००,०००/-	०
४.	बहुक्षेत्रीय पोषण कार्यक्रम(३६५००१०६३)	३,५०,०००/-	०
५.	महिला बालबालिका तथा सामाजिक विकास कार्यक्रम(३४०००१०२३)	८५,०००/-	०
६.	जि.स.स कार्यालयहरु (३६५००१०५४)	५,३३,००० /-	०

१३. तोकिए बमोजिम अन्य विवरण

✓ संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।

✓ विभिन्न बिषयगत समितिमा जिल्ला समन्वय समिति र कार्यालयको प्रतिनिधित्व हुने गरेको ।

१४. जिल्ला समन्वय समितिको वेभसाईट

https://dccsindhupalchowk.gov.np

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल चौतारा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख अधिकृत

१५. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता,ऋण,अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

✓ यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

१६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगती प्रतिवेदन

✓ नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिना जि.स.स.को नियमित बैठक र आवश्यकता अनुसार अन्य समयमा बैठक बस्ने गरेको ।

१७. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको समयावधि –

✓ जिल्ला समन्वय समितिका सबै सूचनाहरु सूचना पाटी,वेभसाईट र सामाजिक सञ्जालमा हेर्न सकिने व्यवस्था रहेको ।

१८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

✓ नभएको

१९. जिल्ला समन्व समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण

✓ जिल्ला समन्वय समितिमा सबै गतिविधिहरु वेबसाइट र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अधावधिक गरी सूचना प्रवाह गर्ने गरिएको ।

२०. थप जानकारीका लागि सम्पर्क

फोन नं. ०११-६२०३७९,०११-६२०१०२

https://dccsindhupalchowk.gov.np

जिल्ला समन्वय अधिकारी

शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३